# स्थानीय राजपत्र

## खैरहनी नगरपालिकाद्वारा प्रकाशित

## खण्ड (३) चितवन, फाल्गुन २१, २०७६ साल अंक १२

### भाग ३

खैरहनी नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम खैरहनी नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७६ को कार्यविधि नं. १२

खैरहनी नगरपालिकाको स्थानीय राजपत्र

# युवा उद्यम घुम्तीकोष कार्यक्रम कार्यविधि, २०७६

कार्यपालिका बाट पारित मिति : २०७६/११/१६

प्रस्तावनाः

राष्ट्रिय युवा नीति २०७२ र युथ भिजन २०२५ अनुसार विभिन्न क्षेत्रमा युवा वर्गमा उद्यमशीलता, सिर्जनशिलता तथा सीपको विकास गरी श्रम र उत्पादनसँग जोड्न खैरहनी नगरसभाबाट स्वीकृत कार्यक्रम अनुसार युवा उद्यम घुम्तीकोष कार्यक्रम कार्यान्वयनका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम नगर कार्यपालिकाको मिति २०७६/११/१६ को बैठकबाट स्वीकृत गरी यो कार्यविधि लागु गरिएको छ ।

**परिच्छेद –१ प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "युवा उद्यम घुम्तीकोष कार्यक्रम कार्यविधि, २०७६" रहेकोछ।

(२) यो कार्यविधि नगरकार्यपालिकाले स्वीकृत गरेपछि लागु हुनेछ ।

**२. परिभाषाः**

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "युवा उद्यम घुम्तीकोष कार्यक्रम" भन्नाले नगरपालिकाबाट दफा ३ मा उल्लेख भएका क्षेत्रमा उद्यमका लागि युवालाई परामर्श र बिना व्याज कर्जा उपलब्ध गराउने कार्यक्रमलाई सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालयलाई सम्झनु पर्छ ।

(ग) "परिषद्" भन्नाले राष्ट्रिय युवा परिषद् सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले खैरहनी नगरकार्यपालिकालाई सम्झनु पर्छ ।

(ङ) "विशेष प्राथमिकताको समूहका युवा" भन्नाले विपन्न, द्वन्द्व पिडित, जोखिममा परेका युवा, अपाङ्गता भएका युवा र सिमान्तकृत, लोपोन्मुख, अल्पसङ्ख्यक, दलित, पिछडिएको समुदायका युवालाई सम्झनु पर्छ।

(च) "युवा" भन्नाले राष्ट्रिय युवा परिषद् ऐन २०७२ तथा राष्ट्रिय युवा नीति, २०७२ अनुसार १६ देखि ४० वर्ष उमेर समूहका महिला, परुष र तेस्रो लिङ्गीलाई सम्झनु पर्छ ।

(छ) "उद्यम" भन्नाले जीविकोपार्जन वा आय आर्जनका लागि गरिने आर्थिक कृयाकलाप वा व्यवसाय वा उद्योगलाई सम्झनु पर्दछ ।

(ज) "घुम्तीकोष" भन्नाले नगरपालिकाद्वारा युवालाई उद्यमका लागि यस कार्यविधि बमोजिम निर्व्याजी कर्जा उपलब्ध गराउन स्थापना गरिएको दफा ७ कोषलाई सम्झनु पर्दछ।

(झ) "समूह" भन्नाले उद्यम सञ्चालन गर्नका लागि निमार्ण भएको युवाको समूह सम्झनुपर्छ ।

(ञ) "युवा संघसंस्था" भन्नाले प्रचलित कानुनबमोजिम दर्ता र नवीकरण भई युवा उद्यमशिलता विकासको क्षेत्रमा कार्यरत संघसंस्थालाई सम्झनु पर्छ ।

(ट) "प्रमुख" भन्नाले खैरहनी नगरपालिकाका प्रमुखलाई सम्झनु पर्दछ।

(ठ) "उपप्रमुख" भन्नाले खैरहनी नगरपालिकाका उपप्रमुखलाई सम्झनु पर्दछ।

(ड) "मूल्याङ्कन तथा छनोट समिति" भन्नाले दफा ६ को उपदफा (३) बमोजिमको युवा उद्यम प्रस्ताव मूल्याङ्कन तथा छनोट समिति लाई सम्झनु पर्दछ ।

(ढ) भन्नाले परिवारका कुनै पनि सदस्य रोजगार "विपन्न परिवारको सदस्य"नभएकोपरिवारका , निवेदकले अध्ययन गर्न चाहेको विषय ,सदस्यको नाममा दुई कट्टा वा सोभन्दा कम जमिन भएको कृषि व्यवसाय वा नियमित आम्दानीको ,अध्ययनका लागि आवश्यक रकम जुटाउन सक्ने कुनै पेसा नभएको व्यक्तिलाई जनाउँदछ। स्रोत

**परिच्छेद–२ युवा उद्यमको क्षेत्र र छनौटका आधार**

खैरहनी नगरपालिका स्थानीय राजपत्र

**३ युवा उद्यमका क्षेत्रः**

(१) नगरपालिकाले देहायका सम्भाव्य उद्यमका क्षेत्रमा उद्यम सञ्चालन गर्नका लागि युवा उद्यमशिलता घुम्तीकोषबाट परामर्श र कर्जा उपलब्ध गराउन सक्नेछः

(क) कृषि र पशुपंछिमा आधारित उद्यम व्यवसाय (अर्गानिक कृषि व्यवसायलाई प्राथमिकता दिइने)

(ख) वन (जडीबुटी, वनपैदावार) मा आधारित उद्यम व्यवसाय

(ग) विज्ञान तथा सूचना प्रविधि र संचारमा आधारित उद्यम व्यवसाय

(घ) पर्यटन प्रवर्धन (होटेल, होमस्टे आदि)मा आधारित उद्यम व्यवसाय

(ङ) निर्माणमा आधारित उद्यम व्यवसाय

(च) सेवामा आधारित उद्यम व्यवसाय

(छ) कलामा आधारित उद्यम व्यवसाय

(ज) अन्य (संस्कृति, साहित्य सृजना, गीत, संगीत आदिमा आधारित भई गरिने) उद्यम व्यवसाय ।

**४ उद्यम छनौटका लागि योग्यताः**

(१) दफा ३ मा उल्लिखित क्षेत्रहरूमध्ये कुनै क्षेत्रमा कार्य गर्न इच्छुक युवा वा युवाको समूहलाई उद्यम सञ्चालन गर्नका लागि सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन देहायका योग्यता निर्धारण गरिएकोछः

**युवाको न्यूनतम योग्यताः**

(क) १६ वर्ष पुरा भई ४० वर्ष ननाघेको नेपाली नागरिक हुनुपर्ने ।

(ख) नैतिक पतन वा कुनै फौज्दारी अभियोगमा दोषी नठहरिएको ।

(ग) सरकारी चल-अचल सम्पतिको दुरुपयोग नगरेको ।

(घ) खैरहनी नगरपालिकाको स्थायी बासिन्दा भएको।

(ङ) प्रचलित कानुनबमोजिम कालो सूचीमा नपरेको ।

(च) तोकिएको ढाँचामा निवेदन र व्यावसायिक योजना संलग्न गरेको ।

**युवा समूहका लागि न्यूनतम योग्यताः**

(क) ३ देखि ५ जनासम्म सदस्य रहेको

(ख) प्रचलित कानुन बमोजिम दर्ता भई नियमानुसार नवीकरण भएको ।

(ग) उत्पादनमूलक कार्य गर्ने उद्देश्य भएको ।

(घ) प्रचलित कानुनबमोजिम कालो सूचिमा नपरेको ।

(ङ) तोकिएको ढाँचामा निवेदन र व्यावसायिक योजना संलग्न गरेको।

(च) खैरहनी नगरपालिकाको सम्बन्धित वडाको स्थायी बासिन्दा भएको।

**५ युवा उद्यम प्रस्ताव मूल्याङ्कनका आधारहरूः**

(१) यस कार्यविधिबमोजिम उद्यमका लागि कर्जा प्रवाह गर्दा देहायका आधारमा उद्यम प्रस्तावको मूल्याङ्कन गरिनेछः

| क्र.स. | मूल्याङ्कनका आधारहरू | अङ्क(बढीमा) |
|---|---|---|
| (क) | प्रस्तावित उद्यमको व्यावसायिक कार्ययोजना ५ (वर्ष) | २५ |
| (ख) | समावेसी सहभागिता (समूहको हकमा) | ५ |
| (ग) | स्थानीय कच्चा पदार्थ वा स्रोतमा आधारित | १० |
| (घ) | थप आर्थिक लगानीको सुनिश्चतता | २० |
| (ङ) | थप रोजगारी सृजना गर्ने | १० |
| (च) | बजारको सुनिश्चितता | २० |
| (छ) | आवश्यक मानवीय स्रोतको सुनिश्चितता | १० |
| जम्मा | | १०० |

**परिच्छेद—३ युवा उद्यम छनौट प्रक्रिया**

६. उद्यमका लागि सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन युवा वा युवा समूहको छनौटको प्रक्रिया देहायअनुसार हुनेछः

खैरहनी नगरपालिकाको स्थानीय राजपत्र

(१) नगरपालिकाले उद्यमका लागि सहुलियतपूर्ण कर्जा लिन इच्छुक युवा वा युवा समूह को जानकारीका लागि १५ दिने सार्वजनिक सूचना प्रकाशन गर्नेछ र उक्त सूचना नगरपालिकाको वेबसाइटमा समेत राखिनेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि इच्छुक युवा वा युवा समूहले सोही सूचनामा उल्लिखित म्याद भित्र अनुसूची -१ बमोजिमको ढाँचामा नगरपालिकामा निवेदन पेश गर्न सक्नेछन। निवेदनसाथ अनुसूची-२ बमोजिमको ढाँचामा व्यवसायिक योजना पेस गर्नुपर्नेछ।

(क) युवा समूहको निर्माणः

१ बेरोजगार

२ कम्तिमा ३३ प्रतिशत महिला सदस्य हुनपर्ने

३ एउटै वडा भित्रका युवा भएको हुनुपर्ने

४ सार्वजनिक पद धारण नगरेको वा लाभको पदमा नरहेका युवा हुनुपर्ने

५ विशेष प्राथमिकताको समूहका युवा र विपन्न परिवारका युवाहरुलाई प्राथमिकतामा राखिने।

(३) सूचनाको अवधिमा प्राप्त भएका उद्यम प्रस्तावको मूल्याङ्कन र छनोट गर्न नगरपालिकामा देहायको युवा उद्यम प्रस्ताव मूल्याङ्कन तथा छनौट समिति रहनेछः

(क) नगर प्रमुख संयोजक

(ख) नगर उपप्रमुख सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत सदस्य

(घ) सामाजिक विकास समितिको संयोजक सदस्य

(ङ) नगर प्रमुखले तोकेको नगर कार्यपालिकाको सदस्यमध्येबाट एक जना महिला सदस्य

(च) युवा उद्यम विकास कार्यक्रमको कर्जा प्रवाहका लागि नगरपालिकाको वित्तीय साझेदार संस्थाको अध्यक्ष वा प्रतिनिधि सदस्य

(छ) खैरहनी उद्योग वाणिज्य संघ, खैरहनी उद्योग संघ, चेम्बर्स अफ कमर्स खैरहनी मध्येबाट नगर प्रमुखले तोकेको संस्थाको प्रतिनिधि एक जना सदस्य

(ज) नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख सदस्य सचिवयुवा

उद्यम छनोट समितिले उद्यम छनोट गर्दा आवाश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञहरूलाई आमन्त्रण गरी राय सुझाव लिन सक्नेछ ।

(४) समितिले निवेदनको म्याद समाप्त भएको १५ दिन भित्र पेस हुन आएका उद्यम प्रस्तावको मूल्याङ्कन गरी प्राप्ताङ्कका आधारमा क्रम निर्धारण गरी युवा उद्यम छनोट गर्नेछ।

(५) छनोट भएका उद्यमका लागि कर्जा उपलब्ध गराउनुपूर्व छनौट भएका युवा वा युवा उद्यम समूह, साझेदार वित्तीय संस्था र नगरपालिकाबीच कर्जा रकम निकासा, असुली र कर्जा रकम युवा उद्यमी विकास घुम्ती कोषमा दाखिलासम्बन्धी विषयमा सम्झौता गरिनेछ ।

(६) छनौट भई सम्झौता भएका युवा उद्यम विकास कार्यक्रम सञ्चालनका लागि देहाय वमोजिमको किस्तामा रकम उपलव्ध गराइनेछः

(क) पहिलो किस्ता सम्झौता भएको सात दिन भित्र ५० प्रतिशत,

(ख) अन्तिम किस्ता उद्यम सञ्चालनमा रहेको भनी साझेदार संस्था र नगरपालिकाको सामाजिक विकास समितिको सिफारिसको आधारमा बाँकी ५० प्रतिशत,

(ग) यस कार्यविधिबमोजिम युवा उद्यमका लागि उद्यमको प्रकृति र औचित्यका आधारमा अधिकतम् दश लाख रुपैयाँसम्म प्रदान गर्न सकिनेछ।

**परिच्छेद —४ युवा उद्यम विकास घुम्ती कोष व्यवस्था**

७. युवा उद्यम कार्यक्रमका लागि नगरपालिकाले **युवा उद्यम विकास घुम्ती कोष** स्थापना गर्नेछ। जुन कोषमा देहायबमोजिम रकम जम्मा हुनेछः

(क) हरेक आ. व. मा नगरसभाबाट विनियोजन हुने रमक,

(ख) उद्यमी युवाहरुले निश्चित समयमा कर्जा फिर्ता गरी आएको रकम र जरिवाना,

(ग) संघीय सरकार र प्रदेश सरकारबाट यस कोषमा जम्मा हुने गरी प्राप्त हुने रकम

(घ) अन्य संघसंस्था वा निकायबाट यस कोषलाई प्राप्त हुने सहयोग रकम।

८. **युवा उद्यम विकास घुम्ती कोषको परिचालनः** युवा उद्यम विकास घुम्ती कोषको परिचालन देहायअनुसार हुनेछः

(क) कर्जा प्राप्त गर्ने प्रत्येक युवा वा युवा समूहले प्राप्त कर्जा रकम बढीमा पाँच वर्षसम्म मात्र परिचालन गर्न पाउनेछ ।

(ख) युवा तथा युवा उद्यम समूहले कर्जा रकम उद्यम प्रस्तावमा पेस भएअनुसारका कार्यमा मात्र पारदर्शी, मितव्ययी र प्रभावकारी ढङ्गले परिचालन गर्नु पर्नेछ ।

(ख) यस कार्यविधिबमोजिम कर्जा प्राप्त गरी सञ्चालन हुने उद्यमको अनिवार्य रुपमा उद्यम बिमा गर्नु पर्नेछ।

(ग) युवा वा युवा समूहले प्राप्त कर्जा ५ बर्ष भित्र कर्जा सम्झौतामा उल्लेख भएबमोजिमको समय र किस्तामा साझेदार वित्तीय संस्थाको खातामा फिर्ता गरिसक्नुपर्ने छ । कर्जा भुक्तानी किस्ता र अवधि कर्जा सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ ।

(घ) युवा उद्यम विकास घुम्ती कोषमा फिर्ता भएको रकम नगरपालिकाले अरु युवा वा युवा समूहहरूमा लगानी गर्दै जानेछ ।

(ङ) युवा वा युवा समूहले सम्झौताअनुसार तोकिएको काममा कर्जा रकम खर्च नगरेमा वा तोकिएको अवधिमा रकम फिर्ता नगरेमा सम्झौतामा उल्लेख भएबमोजिम कर्जा रकमको वार्षिक दश प्रतिशत ब्याज जरिवानासहित निज वा निजका एकाघरका, सगोलका परिवारको चलअचल सम्पत्तिबाट सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

## परिच्छेद — ५ अनुगमन तथा मूल्याङ्कन

९. यस कार्यविधिबमोजिम सञ्चालन हुने युवा उद्यम विकास कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनको कार्य उद्यम छनोट तथा अनुगमन समितिले गर्नेछ।

१०. उद्यम छनोट तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) कर्जाको उपयोग उद्यमको प्रस्तावअनुसार भए नभएको अनुगमन गरी आवश्यक निर्देशन दिने, सचेत गराउने ।

(ख) उद्यम प्रस्ताव कार्यान्वयनमा सहजीकरण गर्ने र समस्या समाधानका लागि आवश्यक सहयोग गर्ने।

(ग) तोकिएको समयमा उद्यम सञ्चालन सम्बन्धी सम्झौता बमोजिमको कार्य नगरेको पाइएमा कर्जा असुली तथा नियमानुसार कारवाहीको प्रक्रिया अगाडि बढाउने ।

## परिच्छेद —६ विविध

११. यस कार्यविधिबमोजिम युवा उद्यम विकास घुम्ती कोषबाट कर्जा प्रवाह तथा किस्ताबन्दी रुपमा कर्जा रकम फिर्ता लिई कोषमा जम्मा गराउने कार्यका लागि नगरपालिकाले नगरपालिकाभित्रका सहकारी संस्था वा वित्तीय संस्थासँग साझेदारी गर्न सक्नेछ।

१२. यस कार्यविधिअनुसार युवा उद्यमशिलता विकासका लागि युवा परामर्शलगायतका कार्यमा युवा संघसंस्थाहरुसँग नगरपालिकाले सहकार्य गर्न सक्नेछ।

१३. दफा ११ बमोजिम कर्जा प्रवाह तथा कर्जा रकम घुम्तीकोषमा दाखिला गरेवापत कारोबार रकमको केही प्रतिशत रकम सेवा शुल्कका रुपमा नगरपालिकाले वित्तीय संस्थालाई कूल कर्जा रकमको ३ प्रतिशत उपलब्ध गराउनेछ। वित्तीय साझेदार संस्थाको काम कर्तव्य र नगरपालिकाले वित्तीय साझेदार संस्थालाई उपलब्ध गराउने सुविधा आपसी समझदारीबाट निर्धारण भएबमोजिम हुनेछ।

१४. नगरकार्यपालिकाले हरेक वर्ष युवा उद्यम घुम्तीकोषमा बजेट विनियोजन गर्नेछ। त्यसरी विनियोजित रकम सोही आर्थिक वर्षमा खर्च नभएमा कोषमा सञ्चित हुँदै जानेछ र पछिल्ला वर्षहरुमा परिचालन गरिनेछ।तर कोषको रकम युवा उद्यमबाहेक अन्य कार्यमा परिचालन गर्न सकिनेछैन।

१५. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आइपरेमा उद्यम छनोट तथा अनुगमन समितिको सिफारिसमा नगरकार्यपालिकाले आवश्यक निर्णय गरी बाधाअड्काउ फुकाउन सक्नेछ।

१६. यस कार्यविधिमा उल्लेख नभएका विषयमा प्रदेश तथा संघीय कानुनअनुसार हुनेछ।

# अनुचूची -१

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

युवा उद्यम विकास कार्यक्रम सञ्चालनको लागि निवेदनको ढाँचा

श्री खैरहनी नगरकार्यपालिकाको कार्यालय,

खैरहनी, चितवन।

विषयः युवा उद्यम प्रस्ताव पेस गरिएको ।

उपर्युक्त विषयमा मैले/हामीले देहायको उद्योग सञ्चालन गर्न चाहेको हुनाले त्यस नगरपालिकाबाट युवा उद्यम विकासका लागि उपलब्ध गराइने कर्जा पाउनको निम्ति नगरपालिकाका शर्तहरु मन्जुर गरी तपसिल अनुसारको विवरण तथा कागजातहरू सम्लग्न गरी यो निवेदन पेश गरेका छौं ।

संस्थागत विवरण

१) युवा वा युवा समूहको नामः ....... २) ठेगानाः ............

३) समूह उद्यमको दर्ता नं .......... ४) दर्ता भएको जिल्लाः ........

५) दर्ता मितिः .................... ६) नवीकरण मितिः .......... नवीकरण अवधिः ..........

७) वेबसाइटः ....... ८) इमेलः .................. ९) स्थायी लेखा नम्बर (PAN):

१०) अध्यक्षको नाम (समूहको हकमा मात्र).............

११) ठेगानाः ....................

१२) बैंक खाता नं बैंक खाताको नामः

बैंकको नामः ठेगानाः

१३) सम्पर्क व्यक्तिको नामः .............. पदः.........................

ठेगानाः ............................................................सम्पर्क नम्बरः ....................

निवेदकः

(समूहको हकमा मात्र) .................

ठेगाना ...................... हस्ताक्षर ........... समूह उद्यमको छाप .....

खैरहनी नगरपालिकाको स्थानीय राजपत्र

## अनुसूची २

### (परिच्छेद ६ उपदफा (२) सँग सम्वन्धित )

### व्यवसायिक योजनाको ढाँचा

| क्र.सं. | विवरण | अन्य विवरण |
|---|---|---|
| १ | व्यवसायको नाम, संक्षिप्त परिचय र उद्देश्य | नामः..................................<br>उद्यमको संक्षिप्त परिचय ................................<br>उद्देश्य......................................<br>विषय........................................<br>क्षेत्र/उद्यमबाट उत्पादन हुने वस्तुको नाम.............................. |
| २ | ठेगाना | जिल्ला ................संघिय निर्वाचन क्षेत्र नं. ............ प्रदेश निर्वाचन क्षेत्र नं. .............. वडा नं. ............ गापा/नपा. ............. सम्पर्क नं. .................... टोल......................... |
| ३ | संलग्न हुने अनुमानित जनशक्ति | महिला............... पुरुष.................. प्राप्ति.............. (स्वदेश वा विदेशबाट) |
| ४ | प्रयोग हुने कच्चा पदार्थ | कच्चा पदार्थको नाम....................................<br>स्रोत (स्थानीय वा वाहय )................. |
| ५ | प्रयोग हुने मेसिनरी औजारको विवरण | नाम........................<br>अनुमानित लागत........................<br>(वाहय/स्थानीय) स्रोत.............................. |
| ६ | अनुमानित लागत | कुल रु. ........................<br>चल पुँजी रु. ........................<br>अचल पुँजी रु. .....................<br>अचल पुँजीको नाम ................................... |
| ७ | उत्पादित वस्तुको बजारक्षेत्र | बजारको नाम ..........................<br>दुरी ...........................<br>ढुवानी खर्च............................................ |
| ८ | व्यवसायबाट हुने अनुमानित आम्दानी | जम्मा वार्षिक अनुमानित आम्दानी रु. ...................<br>वार्षिक अनुमानित नाफा रु. .......................... |
| ९ | रोजगारी पाउने युवाको अनुमानित संख्या | महिला ............. पुरुष ...............<br>जम्मा ..................... |
| १० | अन्य | |

११. **उद्यम समुहको विवरण :**

युवा उद्यम समुहको नाम :

उद्यममा संलग्न हुने युवाहरुको विवरण :

| क्र.सं. | नाम थर | पद | लिङ्ग | ठेगाना | उमेर | शैक्षिक योग्यता | तालिमको नाम र अवधि | सम्पर्क नम्बर | निवेदकको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |

**नोट** : यो व्यवसायिक योजनाको एउटा नमुना हो। उल्लेखित विवरणहरु नछुटाई विस्तृत सूचना समावेश हुने गरी सृजनात्मक रुपमा व्यवसायिक योजना बनाउन सकिनेछ।

संस्थाको छाप (समूहको हकमा)

उद्यमी युवा वा युवा समूहको हकमा समुह अध्यक्षको

दस्तखत :

नाम थर :

मिति :

<u>**निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरू**</u>

१) तोकिएको ढाँचामा निवेदनका साथमा व्यवसायिक कार्ययोजना

२) प्रचलित कानुनबमोजिम दर्ता भई नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि

३) समूहको हकमा उद्यमका लागि प्रस्ताव पेस गर्ने निर्णयको प्रतिलिपि

४) युवा वा समूहका  सदस्यहरूको नागरिकताको प्रतिलिपि